# लालबन्दी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही/प्रदेश नं. २, नेपाल

# बजार लगायत अन्य ठेक्कासंग सम्वन्धित सूचना

**सूचना प्रकाशित मिति २०७७/०३/१७**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार लालवन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने बेहाय वमोजिमका आन्तरिक स्रोत तर्फको कर, शुल्क तथा वस्तुहरु लालवन्दी नगरपालिकावाट स्वीकृत दर रेटमा आ.व.२०७७/०७८ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुवाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र)औं दिन भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलवन्दी वोलपत्रहरु १६(सोह्र)औं दिनको मध्यान्ह १२:०० वजे भित्र पेश गर्नु हुन मिति २०७७/३/१४ गतेको निर्णय अनुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| आ.आ. ३ | खसी, बाख्रा एवं राँगा मासु तथा सो आसपासको बजार, लालबन्दी (स्टल र सटर बाहेक) | लालबन्दी न.पा. वडा नं. ७ | १६,९४,१२१।०० | १०००।- |
| आ.आ. ४ | गुद्री वजार, नवलपुर | लालबन्दी न.पा. नवलपुर बजार | १३,७८,३००।०० | १०००।- |
| आ.आ. ५ | टमाटर, तरकारी तथा फलफुल बजार, नवलपुर | लालबन्दी न.पा. नवलपुर वजार | ६,६७,७०१।०० | १०००।- |
| आ.आ. ६ | कवाडी संकलन तथा निकासी | लालबन्दी नगरपालिका क्षेत्र | १५,२४,६००।०० | १०००।- |
| आ.आ. ७ | राँगा, मासु तथा सुंगुर वजार, नवलपुर | लालबन्दी न.पा. नवलपुर वजार | १,५०,०००।०० | १०००।- |

शर्तहरु

१. ठेक्का अवधि २०७८ श्रावण महिना देखि २०७९ आषाढ मसान्त सम्म हुनेछ ।

२. आफुले कवोल गरेको अंकको नेपाली नागरिकरुफर्म भए ५% र विदेशी नागरिकरुफर्म भए १०% धरौटी यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, लालवन्दी शाखा स्थित धरौटी खाता नम्बर १२८००३०३००००००२ मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलवन्दी वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. वोलपत्रदाताले आफुले कवोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल र प्रदेश सरकारवाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कवोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क वोलपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।

५. स्वीकृत वोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम वोलपत्र स्विकृत भएको मितिले ७ (सात) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट रकम बुझाउनुपर्नेछ । सो को आधारमा सम्झौता गरिनेछ । उक्त एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ ।

६. लालवन्दी नगरपालिकालाई तिर्नुपर्ने वाँकी रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको वक्यौता रकम धरौटीवाट असूल उपर गरि वाँकी रकम भुक्तानी गरिनेछ ।

७. जुन व्यक्ति वा फर्मको नामवाट वोलपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामवाट मात्र वोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामवाट दर्ता गराएको वोलपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीवाट पठाएको वोल पत्र स्वीकार्य हुने छैन । शिलवन्दी खाममा कुन ठेक्काको लागि वोल पत्र दाखिला गरेको हो स्पष्ट रुपले खुलाउनु पर्नेछ । साथै वोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको वाहिर उल्लेख गरेको हुनु पर्नेछ ।

८. माथि उल्लेख भएको ठेक्काहरु मध्ये सवै वा छुट्टा छुट्टै रुपमा वोलपत्र पेश गर्न सकिनेछ । उक्त वमोजिम पर्न आएको वोलपत्रहरु स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र लालवन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र १ र २ नं. वडा कार्यालय, नेत्रगंजवाट वोलपत्र फाराम खरिद गरी १६औं दिनको मध्यान्ह १२:०० वजे भित्र सोही स्थानहरुमा दर्ता गराउन सकिनेछ र सोही दिनको ०२:०० वजे वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भै सकेको वोलपत्र फिर्ता हुने छैन ।

१०. वोलपत्र ठेक्का सम्वन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालवन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ । अन्य कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

– प्रमुख प्रशासकिय अधिकृत

ail : sarlahidainik@gmail.com, मुद्रक : परिचर्चा प्रिन्टिङ प्रेस, ... प्रकाशक तथा कार्यकारी सम्पादक : ... सम्पादक : ...